# मिति २०८३/०५/०५ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित सूचना

## डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
## Deprosc Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

**केन्द्रीय कार्यालय, भरतपुर, चितवन।**

# सहायक प्रशिक्षार्थी आवश्यकता सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८३/०५/०५)**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको वित्तीय कारोवार गर्न इजाजतपत्रप्राप्त हाल ७३ जिल्लामा १५९ शाखाहरू मार्फत लघुवित्त सेवा प्रदान गर्दै आएको यस संस्थामा देहाय बमोजिमका योग्यता पुगेका ग्रामीण क्षेत्रमा काम गर्न ईच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको १५ दिनभित्र यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय सीतापाइला, काठमाडौं वा इमेल **vacancy@deproscbank.com.np** मा आइपुग्ने गरी आफ्नो योग्यता, अनुभव, नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयम्ले प्रमाणित गरी यस वित्तीय संस्थाले तोकेको ढाँचामा रीतपूर्वक दरखास्त आह्वान गरिन्छ ।

१. **विज्ञापन नं. : १/२०८३/०८४**
   - (क) पद : सहायक प्रशिक्षार्थी
   - (ख) आवश्यक संख्या : ५० (पचास)
   - (ग) श्रेणी : सहायक

२. **न्यूनतम शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम एस.ई.ई. वा सो सरहको परीक्षा उत्तीर्ण भएको हुनु पर्नेछ । नेपाल बाहिरको शैक्षिक संस्थाबाट उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र भएमा समकक्षता प्रमाणपत्र (Equivalence Certificate) समेत पेश गर्नुपर्नेछ । दश जोड दुई वा सो सरह उत्तीर्ण गरेका उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

३. **अतिरिक्त योग्यताः** कम्प्युटर सम्बन्धी दक्ष, मोटरसाइकल चालक अनुमतिपत्र प्राप्त भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

४. **प्रशिक्षणको क्षेत्रः** संस्थाको आवश्यकता बमोजिम भौगोलिक, क्षेत्रगत रूपमा तोकिएको स्थानमा लक्षित वर्गमा गई समुह निर्माण, केन्द्र सञ्चालन, बचत/कर्जा परिचालन, वित्तीय साक्षरता, कार्यक्रम तथा कार्यालय व्यवस्थापन, लघुवित्त कारोवारको सम्पूर्ण अभिलेखीकरण र अन्य आवश्यकता अनुसार कार्य गर्न प्रशिक्षण दिइनेछ ।

५. **परीक्षाको किसिम :** फिल्ड अवधारणा र अन्तरवार्ता ।

६. **उमेर :** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ३४ वर्ष ननाघेको (महिलाको हकमा ३९ वर्ष ननाघेको) हुनु पर्नेछ ।

७. **छनौट सूची :** प्राप्त दरखास्तहरू वित्तीय संस्थाले निर्धारण गरेका मापदण्डको आधारमा छानविन गरी छनौट सूची तयार गरिनेछ ।

८. **फिल्ड अवधारणाः** छनौट सूचीमा परेका आवेदकहरूलाई फिल्ड अवधारणा कार्यका लागि यस वित्तीय संस्थाको शाखा कार्यालयमा बढीमा ७ दिन उपस्थित भई तोकिएको ढाँचामा फिल्ड अवधारणा प्रतिवेदन तयार गरी सोही शाखामा बुझाउनु पर्नेछ । सो फिल्ड अवधारणामा कुनै किसिमको पारश्रमिक दिईने छैन भने फिल्ड अवधारणा पेश नगर्ने आवदेकलाई अन्तरवार्तामा समावेश गरिने छैन ।

९. **अन्तरवार्ता :** फिल्ड अवधारणा पश्चात् उपयुक्त देखिएका आवेदकलाई अन्तरवार्तामा सहभागी गराइनेछ ।

१०. अन्तरवार्ता परीक्षाबाट उत्तीर्ण भएका उम्मेदवार मात्र सहायक प्रशिक्षार्थीको रूपमा प्रशिक्षणमा छनौट हुनेछन् ।

११. छनौट भएका उम्मेदवारहरूले वित्तीय संस्थाले तोकेको कार्यालयमा गई काम गर्नु पर्नेछ ।

१२. प्रशिक्षण अवधि संस्थाको नियमानुसार हुनेछ ।

१३. प्रशिक्षण अवधिमा पारिश्रमिक संस्थाको नियमानुसार उपलब्ध गराइनेछ ।

१४. प्रशिक्षणमा रहेका प्रशिक्षार्थीहरूलाई स्थायी सेवामा प्रवेशको लागि खुल्ला प्रतियोगिता परीक्षा सञ्चालन गरिनेछ ।

१५. खुल्ला प्रतियोगिता परीक्षा अन्तर्गत लिखित, मौखिक तथा तोकिए बमोजिमको प्रयोगात्मक परीक्षाको सम्पूर्ण प्रक्रियामा समावेश भई उत्तीर्ण प्रशिक्षार्थीहरूलाई संस्थाको नियमानुसार कनिष्ठ कार्यक्रम सहायक पदमा परीक्षणकालमा नियुक्ति गरिनेछ ।

१६. दरखास्त फाराम यस वित्तीय संस्थाको वेबसाइट **https://www.deproscbank.com.np/assets/uploads/files/media/8045a-training-application-form.pdf** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

१७. वित्तीय संस्थाको हितलाई ध्यानमा राखी प्राप्त दरखास्तहरू कारण खोली वा नखोली अस्वीकृत गर्ने वा यस विज्ञापनलाई रद्द गर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा सुरक्षित रहनेछ ।